Volume : 1, Issue : 1, ISSN : 2961-1520

# *उज्यालोतिर* उपन्यासमा अभिघात चेतना

*टंकप्रसाद पन्थ**
**Email: tankapantha12gmail.com**


**लेखसार**

*प्रस्तुत लेखमा पाश्चात्य समालोचनाका क्षेत्रमा उत्तरआधुनिक समयमा विकास भएको अभिघात सिद्धान्तका आधारमा उपन्यासकार शंकरप्रसाद गैरेको उज्यालोतिर उपन्यासलाई विश्लेषण गरिएको छ । अभिघात सिद्धान्त पाश्चात्य साहित्य चिन्तनमा सशक्त रूपमा देखापरेको उत्तरआधुनिकतावादी चिन्तनको सशक्त अभियान हो । कुनै युद्धजन्य प्रहार अनि मानवीय व्यवहारबाट लाग्ने शारीरिक तथा मानसिकजन्य चोटको कारण र अवस्थालाई प्रकाश पार्ने काम यस सिद्धान्तले गर्दछ । उज्यालोतिर उपन्यासमा प्रयुक्त अभिघातका सन्दर्भहरूलाई पहिचान गर्नु यस अध्ययनको प्रमुख समस्या हो । अभिघात चेतनाका आधारमा उज्यालोतिर उपन्यासलाई विश्लेषण गरी निष्कर्षमा पुग्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ । अभिघात सिद्धान्तका आधारमा टेकेर कृतिको विश्लेषण गरिएको हुनाले यस लेखमा समालोचनाको सैद्धान्तिक विधिलाई उपयोग गरिएको छ । उज्यालोतिर उपन्यास पुण्यप्रसाद प्रसाईंको 'छापामार' उपन्यासको पुनर्लेखन हो । यस उपन्यासमा उपस्थित भएका  पूर्वपृष्ठभूमिका पात्रहरू नेपालको दसबर्से सशस्त्र द्वन्द्वको प्रहार सहन विवश भएको अवस्थाको वर्णनगरिएको छ । प्रमुख पात्र सत्य अभाव, गरिबी र विभिन्न घातप्रतिघात सहेर अभिघातको सिकार हुन पुगेको कुरालाई निरूपण गरी सशस्त्र सङ्घर्षका साथै नियतिनिर्दिष्ट घातप्रतिघातका कारण अभिघात अनुकूल बनेर आएको छ । यस क्रममा शोधविधिको उपयोग गरिएको छ । अभिघातजन्य परिस्थितिको निर्माण हुनुले अभिघातको सैद्धान्तिक पृष्ठभूमिलाई आधार बनाई आवश्यकताअनुसार प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीको सङ्कलन व्याख्यात्मक र वर्णनात्मक ढङ्गले अध्ययन विश्लोण गरी व्यवस्थापन गरिएको छ । उज्यालोतिर उपन्यासका उपन्यासकारले विविध कारणबाट  अभिघातको पीडा भोग्न विवश हुनुका साथै प्रहारबाट मर्माहत बनेका पात्रहरूको अभिघातित अवस्थालाई प्रकाश पार्नु नै यस लेखको मूलभूत निचोड रहेको छ ।*


***शब्दकुञ्जी :*** अभिघात, छापामार, त्रासदी, सशस्त्र द्वन्द्व, सिक्वेल लेखन ।

## विषयपरिचय

शंकरप्रसाद गैरे नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने प्रतिभा हुन् । यिनले सिर्जनाका क्षेत्रमा कथा, उपन्यास, गजल, कविता आदि विधामा कलम चलाएका छन् । समालोचनाका क्षेत्रमा पनि यिनको कलम सशक्त रूपमा चलेको पाइन्छ । आख्यानको स्थूल विधा उपन्यास साधनामा सक्रिय रहेका यिनको *उज्यालोतिर* (२०७४) पहिलो प्रकाशित उपन्यास कृति हो भने २०७८ सालमा *कृष्ण* प्रकाशित भएको छ । यसअतिरिक्त यिनका *विमर्शका स्पर्शहरू* संयुक्त कवितासङ्ग्रह (२०६७), *सामान्य भाषाविज्ञान* (२०६९), *रस सद्धिान्त र विश्लेषण* (२०७४), *कथा सिद्धान्त र प्रतिनिधि नेपाली कथा* (२०७४), *मधुमास* गजलसङ्ग्रह (२०७६)  आदि कृतिहरू प्रकाशित छन् । खोजअनुसन्धान तथा सम्पादनका क्षेत्रमा पनि यिनी निरन्तर रूपमा लागेको पाइन्छ । पछिल्लो समयमा आख्यानका क्षेत्रमा यिनको कलम निरन्तर चलेको देखिन्छ । यिनका *सूतपुत्र* लगायत केही उपन्यास कृतिहरू प्रकाशनको क्रममा रहेको देखिन्छ । *उज्यालोतिर* उपन्यासको पृष्ठभूमिमा उपन्यासकार



* उपप्राध्यापक : त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा

पुण्यप्रसाद प्रसाईंको *छापामार* उपन्यासको आख्यान र चरित्रलाई आधार बनाई पुनर्लेखन गर्ने काम गरिएको छ। *छापामार* उपन्यासका पात्रहरूका वास्तविक जीवनको अवस्था साक्षात्कार गर्ने उद्देश्यमा यस उपन्यासको रचनागर्भ निर्माण भएको छ। यहाँको प्रमुख पात्र लेखकका रूपमा रहेको सत्य आफ्नो कृतिप्रकाशनको क्रममा प्रकाशन गृहमा धाएको हुन्छ। यसै क्रममा अनौठो स्वभाव भएकी चञ्चलीको रेस्टुरेन्टमा पुग्छ जहाँ खाजाका साथमा पुस्तक पढ्ने र चाहेको पुस्तक किन्न पाइने व्यवस्थासमेत रहेको छ। चञ्चलीकै माध्यमबाट पुण्यप्रसादसँग भेट भएको र पछि उनकै *छापामार* उपन्यासको सिक्वेल लेख्ने निधो भएको पाइन्छ। यस उपन्यासको प्रमुख पात्र सत्य *छापामार* उपन्यासको लट्टेलगायत अन्य पात्रहरूको अवस्था पत्ता लगाउनका लागि सैनिक सेवामा कार्यरत आफ्नो साथी विनोको सहयोग र परामर्शबाट सैनिक सेवामा रहेको संयमलाई खोजी गर्दछ। संयम गोराथोकीद्वारा लट्टेको हुलिया लिएर दाङको आसपासको चिलौनी भन्ज्याङतिर लाग्दछ। साथमा सन्ध्यालाई लिएर गएको र सन्ध्यासँगका केही हासपरिहासका प्रेमिल सन्दर्भहरू पनि यहाँ पाउन सकिन्छ। जीवनको गाउँमा पुगेका सत्य र सन्ध्याले त्यहाँको शैक्षिक अनि सामाजिक विकासमा केही समय महत्त्वपूर्ण योगदान पुऱ्याउँछन्। सत्य र सन्ध्याको सहयात्रा अनि सत्यले बाल्यकालमा भोगेका कथाव्यथाको उद्घाटन पनि उपन्यासमा भएको छ। सत्य समाजमा कथित दलित भनिएको व्यक्ति जीवनका घरमा बसी सामाजिक सेवामा लाग्नुले परम्परागत सामाजिक मूल्यलाई भत्काउने सुझ पनि लेखकमा रहेको देख्न सकिन्छ। प्रयोगवादी शैलीको प्रयोग गरिएको *उज्यालोतिर* उपन्यासमा उपन्यासकारले नवीन आविष्कार गरेका छन्। उपन्यासमा फरकफरक कथाको संयोजन कुतुहलतापूर्वक गरिएको छ। पात्रको चरित्रचित्रण खासगरी मनोवैज्ञानिक चित्रण बलियो गरी स्थापित भएको छ। समाजमा विद्यमान छुवाछुत कुप्रथाका विरुद्धमा पनि उपन्यासले आवाज उठाएको छ (निश्चल, २०७४, पृ. ४)। उपन्यासमा काल्पनिक जीवनका पात्रहरूलाई वास्तविक जीवनमा साक्षात्कार गर्ने सन्दर्भले पाठकमा समेत जिज्ञासा पैदा गरेको पाइन्छ। काल्पनिक जीवनका पात्रहरूलाई वास्तविक जीवनमा प्रत्यक्ष भेट्ने हुटहुटी सत्यमा जागेको पाइन्छ। उसले लट्टे वा जीवन, झिम्की वा कान्ता, मिठ्ठी, दलसिंह बुढालाई भेटी उनीहरूका अतीतका सङ्घर्षपूर्ण कथा र वर्तमानको अवस्थालाई बोध गर्न पुग्दछ। यहाँ *छापामार*सँग जोडिएको आख्यानमा माओवादी सशस्त्र सङ्घर्षका समयमा राज्यपक्षबाट र माओवादी पक्षबाट थिचोमिचो सहन बाध्य जनताहरू प्रताडित बन्न पुगेको अवस्थालाई अभिघात सिद्धान्तका कोणबाट अध्ययन गर्न सकिन्छ। त्यसैगरी यस उपन्याासको प्रमुख पात्र सत्यले भोगेको जीवनका गरिबी, अभाव, आमाको पागलपनको बिमारले सिर्जिएको प्रतिकूल पारिवारिक अवस्था, आफ्नै छोरीलाई काटेर टुक्राटुक्रा पारेको दारुण स्थिति, भाइ अनि बुबाले आत्महत्या गरेको त्रासदीय अवस्था आदि कुराको अध्ययन गर्दा उसको जीवन अभिघातजन्य प्रहारबाट गाँजिएको अवस्था देख्न सकिन्छ। यस उपन्यासमा मानवीय संवेदनाको पाटो चुलिन पुगेको देखिन्छ। मानवीय मूल्य र अस्तित्वको पृष्ठपोषणका साथमा जीवनका घातप्रतिघातहरूलाई झल्काइएकाले यस उपन्यासमा अभिघातका सन्दर्भहरू विश्लेष्य रूपमा रहेको स्पष्ट हुन्छ।

प्रस्तुत लेखमा उपन्यासकार शंकरप्रसाद गैरेको उज्यालोतिर उपन्यासले उठाएको अभिघातीय पक्षलाई प्रकाश पारिएको छ। उज्यालोतिर उपन्यासमा अभिघातको अवस्था के कसरी आएको छ ? उपन्यासका पात्रहरूले के कस्ता समस्या झेली अभिघातको चोट सहेका छन् ? भन्ने मूल समस्यामा केन्द्रित रहेको छ। अभिघातपरक सिद्धान्तको पृष्ठभूमिमा केन्द्रित रही शंकरप्रसाद गैरेको उज्यालोतिर उपन्यासको विश्लेशण गरी निष्कर्ष निकाल्नु नै प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ।

## अध्ययनविधि

यस लेखको पृष्ठभूमिमा उठाइएको प्रमुख समस्याको निष्कर्षमा पुग्नका लागि खासगरी दुई किसिमबाट सामग्रीको सङ्कलन गरी अध्ययनलाई अगाडि बढाइएको छ। विश्लेषणको आधारभूत सामग्रीका रूपमा उपन्यासकार शंकरप्रसाद गैरेको *उज्यालोतिर* उपन्यासलाई लिइएको छ। यसैगरी सैद्धान्तिक आधार निर्माणका लागि द्वितीय सामग्रीका रूपमा अभिघात चेतनासँग सम्बन्धित सामग्रीहरूको उपयोग गरिएको छ। यी दुवै

प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयलाई केन्द्रमा राखी गरिएको छ । सङ्कलित सामग्रीका जगमा टेकेर अभिघातपरक मान्यताको उपयोगका साथमा व्याख्यात्मक र वर्णनात्मक विधि गरिएको छ । पाश्चात्य साहित्यको उत्तरआधुनिक कालखण्डमा विकास भई नेपाली समालोचनाको उत्तरवर्ती चरणमा लोकप्रिय बन्दै गएको अभिघातकेन्द्री दृष्टिकोणबाट शोध्य उपन्यासको विश्लेषण गरिएको छ । यो गुणात्मक अध्ययन भएकाले निगमनात्मक विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीलाई अभिघातीय मर्मका आधारमा अध्ययन विश्लेषणका साथ विविध शीर्षक र उपशीर्षकमा व्यवस्थापन गर्दै लेखलाई अन्तिम रूप दिइएको छ ।

## अभिघातको सैद्धान्तिक पर्याधार

'घात' शब्दमा 'अभि' उपसर्ग लागेर तत्सम शब्द 'अभिघात'को व्युत्पत्ति भएको हो । यसको अर्थ हिर्काउनु, आक्रमण, सर्वनाश आदि हुन्छ । कुनै पनि प्रकाबाट हुने प्रहार र त्यसको चोटलाई अभिघातले बुझाउँछ । यो शब्द अङ्ग्रेजीको 'ट्रोमा'बाट नेपालीमा रूपान्तर भएर आएको हो । स्वास्थ्योपचारका क्षेत्रमा सत्रौँ शताब्दीमा प्रथम पटक यस शब्दको प्रयोग भएको हो र त्यस समयमा अभिघातिक, अभिघातवाद, अभिघातीकरणको शारीरिक चिरफार वा बाहिरी घाउ भन्ने अर्थ लगाइएको पाइन्छ (पौड्याल, २०७०, पृ. १२२) । पछि आएर यसलाई शारीरिक आघातका साथै मानसिक आघातका रूपमा पनि लिन थालिएको पाइन्छ । युद्धको प्रहारका कारण आमा मानिसमा भयको वातावरण सिर्जना हुन्छ । नेपालमा विगतमा भएको सशस्त्र द्वन्द्वले आम नेपालीको मानसिकतामा त्रासको सिर्जना गऱ्यो । सशस्त्र द्वन्द्वको प्रभाव नेपाली जनजीवन र समाजका हरेक क्षेत्रमा परेको देखिन्छ । द्वन्द्वको यस प्रभावका भोक्ता र अनुभवकर्ता सबै नेपाली नै हुन् । द्वन्द्वले हत्या, हिंसा, संहार, सन्त्रास र आतङ्को सिर्जना मात्र गरेन, यसले मानवीय जीवनको मूल्यमाथि नै प्रश्न खडा गऱ्यो भने अर्कोतिर मान्छेलाई संवेदनशील बनायो (गौतम, २०६८, पृ. १८६) । यस्ता प्रहारजन्य कार्यबाट मानिसमा भयको सिर्जना भई अभिघात अनुकूल बन्दछ । विश्वयुद्धको नरसंहारकारी प्रहार वा विनाशबाट पाश्चात्य साहित्यमा अभिघात चेतनाको विकास भएको पाइन्छ । नेपालमा पनि दशवर्षसम्मको सशस्त्र द्वन्द्वजन्य परिणतिस्वरूप यस्तो साहित्यको सिर्जना भएको छ र यस्ता साहित्यलाई हेर्ने समालोचनाको पनि विकास भएको छ (गौतम, २०६६, पृ. ५५) । युद्धजन्य विभीषिका वा अन्य कुनै कारणबाट मानिस अभिघातित हुन सक्दछ । यस्तो कुनै भय, पीडा, त्रास र मृत्युको कारण बन्न जाने कुरालाई अभिघातका केन्द्रबाट अध्ययन गर्न सकिन्छ । युद्ध आतङ्कका साथै कुनै पनि कारणबाट भयको सिर्जना भई मानवीय मनलाई त्रसित र पीडित तुल्याउनु अभिघात हो । वर्तमान समयमा विभिन्न कुराबाट मानिस भयभीत बनेको छ । सशस्त्र द्वन्द्वका अतिरिक्त सूचना र सञ्चारका माध्यमबाट आउने आतङ्क, विषाक्त वस्तुको विकिरणबाट जन्मिने आतङ्क, दैनिक उपभोग्यवस्तु, औषधी र अवागमनका साधनबाट प्रवर्तन हुने खतरापूर्ण स्थिति सामना गर्नुपर्ने अवस्थाका पक्षहरू आज भयका कारण बनेर उपस्थित भएका छन् (सुवेदी, २०६८, पृ. ८१) । अभिघातका कारण युद्धका साथै व्यावहारिक जीवनका घातप्रतिघात, गरिबी, प्रतिकूलता र व्यक्तिका निषेधयुक्त बोली तथा व्यवहारले पार्ने चोटलाई पनि अभिघातले समेट्छ । यसरी अभिघात भनेको मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूति हो । सामान्यतः अभिघात दैहिक र मानसिक दुवै हुन्छ । तर मनोविज्ञान र साहित्यमा मानसिक अभिघातलाई महत्त्व दिइएको हुन्छ (शर्मा, २०६६, पृ. ६२) पछिल्लो समयमा नेपाली समालोचनामा पनि अभिघातका आधारमा साहित्यलाई हेर्ने क्रम बढेको पाइन्छ । मानिसको जीवनमा आइलाग्ने घातक परिघटनाहरू अनि त्रासदीय अवस्थाको कारण खोज्नका लागि यो सिद्धान्त अनुकूल देखिएको छ ।

उज्यालोतिर उपन्यासले नेपालको सशस्त्र द्वन्द्वको झलकका साथमा सत्यको कारुणिक कथालाई प्रकाशमा ल्याएको हुनाले यहाँ अभिघात सिद्धान्तअनुकूल घटना र सन्दर्भहरू जोडिएर आएको देखिन्छ । उपन्यालाई विविध पाटाबाट केलाउन सकिए तापनि यहाँ अभिघातका पृष्ठभूमिमा विश्लेषण गरिएको छ । तल उल्लेखित बुँदाहरूमा केन्द्रित रहेर उज्यालोतिर उपन्यासको अभिघातीय सन्दर्भमा अध्ययन गरिएको छ :

(क) भाइ अनि बाबुको मृत्युको चोट

(ख) गरिबी र अभावका कारण भोग्नुपरेको पीडा

(ग) सशस्त्र द्वन्द्वले निम्त्याएको त्रास

(घ) साथीहरू र शिक्षकबाट भोगेको पीडा

(ङ) जातीय संरचनाबाट सिर्जित अपमान

## उज्यालोतिर उपन्यासमा अभिघात

शंकरप्रसाद गैर नेपाली साहित्यमा आख्यान, कविता र समालोचना विधामा कलम चलाउने प्रतिभा हुन् । लेखनका दृष्टिले दोस्रो भनिएको उनको *उज्यालोतिर* (२०७४) पहिलो प्रकाशित उपन्यास हो । उपन्यासकार शंकरप्रसाद गैरेद्वारा लिखित यस उपन्यासमा 'छापामार' उपन्यासका पात्रहरूको सन्दर्भका साथै सत्य र सन्ध्याको कथावस्तु अनि सत्यको आफ्नै अतीत जीवनको कारुणिक कथालाई प्रस्तुत रिएको छ । *छापामार* उपन्यासको पुनर्लेखनका साथमा उपन्यासकारले आफ्नो पक्षबाट पनि आख्यानलाई उन्ने काम गरेको पाइन्छ । यस उपन्यासको अध्ययन गर्दा *छापामार* उपन्यासका पात्रहरू नेपालमा घटेको दसबर्से जनसङ्घर्षबाट प्रताडित र भयभीत अवस्थामा देखिन्छन् । यस्तै उपन्यासकाले प्रस्तुत गरेको मौलिक कथा जहाँ सत्यको बाल्यकालका कारुणिक घटनाहरूलाई प्रस्तुत गरिएको छ, यहाँ पनि मनलाई भयभीत र त्रसित पार्ने सन्दर्भहरू प्रशस्त मात्रामा रहेकाले यस उपन्यासलाई अभिघातका केन्द्रबाट विश्लेषण गर्न सकिने भएकाले समस्याको उठानका साथमा विश्लेषण गर्ने प्रयास गरिएको हो । यहाँ युद्धको भयपूर्ण त्रासदीय अवस्था, त्यसले छाडेका पीडादायी घाउहरू अनि भोक, रोग र गरिबीको चपेटामा बाँच्न विवश सत्यको जीवनमा आएका कहाली लाग्दा कारुणिक घटनाहरूले पाठकका मनमा पनि एक किसिमको चोट सिर्जना हुन जाने हुनाले यहाँ अभिघात अनुकूलका सन्दर्भहरू साक्षात्कार गर्न सकिन्छ । त्यसैले उपन्यासको विश्लेषणीय आधारका रूपमा अभिघात सिद्धान्तलाई लिइएको हो ।

*उज्यालोतिर* उपन्यासमा उपन्यासकार गैरेले सशस्त्रसङ्घर्षका क्रममा सरकार र माओवादी दुवै पक्षबाट दोहोरो मारमा परेका निहत्था जनताको भयपूर्ण मानसिकतालाई प्रतिबिम्बित गर्ने काम गरेका छन् । द्वन्द्वको समयमा राज्यपक्ष र माओवादी पक्षबाट सास्ती भोग्न विवश जनताको नियति कहिल्यै नमेटिने घाउका रूपमा बल्भिएर रहेको छ । यसको परिणाम सामाजिक संरचनाभित्रै हिंसाको सिद्धान्त पनि मौलाउँदै गयो । माओवादीले उक्त हिंसाको सिद्धान्तलाई अन्त्य गर्ने नाममा हिंसाकै युद्ध प्रारम्भ गऱ्यो । उक्त हिंसासँग भिड्न राज्यले माओवादीरुिद्ध सेना र प्रहरी परिचालित गर्दै नयाँ हिंसाको सुरुवात गऱ्यो । माओवादी आन्दोलन सकियो तर हिंसाको अन्त्य भएन (उप्रेती, २०६८, पृ. ३११) । हिंसाको कहालीलाग्दो अवस्था अनि आम नेपालीले भोग्नुपरेको पीडादायी मर्म यहाँ मुखरित भएको पाइन्छ । 'छापामार' उपन्यासमा द्वन्द्वले निम्त्याएको त्रासदीय अवस्थालाई मसिनो गरी चिरफार गरिएको पाइन्छ । यो उपन्यास त्यसैको सिक्वेल लेखन भएकाले यहाँ सशस्त्र युद्ध र त्यसका बाछिटाहरू सजीव रूपमा आएको देख्न सकिन्छ । यहाँ सशस्त्र सङ्घर्षले निम्त्याएका त्रासदीय अवस्थालाई समेटिएको छ । आफ्नो लाग्नेको सेनाद्वारा हत्या गरिएपछि माओवादी छापामार बनेर हिँडेकी झिम्की कमरेड कान्ता बन्छे । गाउँ छोडेर काठमाडौँ जाँदै गर्दा जीवनले आफ्नी आमाको नेतृत्वमा भएको आक्रमण देख्छ । त्यसपछि आफू घाइते भएर अस्पताल पुग्दा त्यही अस्पतालमा जीवन र मृत्युसँग लडेकी आमालाई भेट्छ (भट्टराई, २०७५, पृ. ३४) । माओवादी सशस्त्रसङ्घर्षका समयमा देशमा भएका हिंसा, हत्या, प्रतिशोध तथा निहत्था जनतालाई मार्ने जस्ता जघन्य कृत्यका कारण आम जनता अभिघातको चोट सहन बाध्य भएका सन्दर्भहरू पनि उपन्यासमा भेटाउन सकिन्छ । अर्कोतिर छापामारहरूका बीचको प्रेम वा अन्य विषयमा भएको बदलाको मनोविज्ञानलाई पनि यहाँ झल्काइएको छ । उपन्यासका पात्रहरू घातप्रतिघात र ताडना सहन बाध्य भएकाले अभिघात अनुकूल सन्दर्भहरू यहाँ पाइन्छ । अभिघातका प्रकृति र तिनले सिर्जना गरेको त्रासदीय अवस्थालाई निम्नलिखित आधारमा विश्लेषण गरिएको छ ।

## सशस्त्र द्वन्द्वले निन्त्याएको त्रासदीय अवस्था

यस उपन्यासको पृष्ठभूमिमा छापामार उपन्यास रहेकाले दसवर्षे सशस्त्र सङ्घर्षको भय अनि त्रासका बाछिटाहरू यहाँ पनि पोतिएको देख्न सकिन्छ । युद्धका कारण अभिघातित बनेका पात्र र घटनासन्दर्भहरू यहाँ उपस्थित गराइएकाले अभिघात अनुकूल बन्न गएको छ । 'छापामार' उपन्यासका पात्रहरूको केकस्तो अवस्था छ भन्ने कुरा प्रत्यक्ष रूपमा साक्षात्कार गर्न उत्सुक सत्यले संयमसँग लट्टेका विषयमा जिज्ञासा राख्दा बम बलास्टमा परी घाइते भएको लट्टेसँग पनि भेट भएको कुराको सन्दर्भ उठानका साथमा राज्य पक्षबाट दिइएको यातनाबाट अभिघातित बनेकी कान्ताको प्रसङ्गलाई झल्काइएको छ । "२०६२ को सुरुमा हो उसकी आमालाई सेनाले समातेर शोधपुछका क्रममा नराम्रै यातना दिएको थियो । मरणासन्न भएकी कान्तालाई मैले मानवअधिकारवादीहहरूको सहयोगमा सैनिक ब्यारेकबाट निकालेर हस्पिटल पुऱ्याएको थिएँ । संयोगले घाइते लट्टे पनि उपचारका लागि त्यही पुऱ्याइएको थियो" (पृ. ६१) । माओवादीका नाममा राज्य पक्षबाट यातना दिइएकी लट्टेकी आमा कान्ता अनि बालक अवस्थामै गाउँमा भयभीत अवस्थाका कारण काठमाडौं पुगेर फोहरका थुप्रामा प्लास्टिकका झोला बटुलेर खातेको जीवन बिताइरहेको लट्टे वा जीवन झोलामा भएको बम विष्फोटन भई घाइते हुन पुग्नुले दुवैले युद्धको प्रहार सहन बाध्य भएकाले यहाँ अभिघातको अनुकूल अवस्था देखिन्छ ।

यसैगरी आफ्नो निर्दोष पतिलाई पुलिसले मारेपछि लट्टेकी आमा झिम्की भयभीत हुँदै कोलाहल गरी लोग्नेको मृत शरीरका समीपमा आएर रुन चिच्याउन थाल्छे :

> रक्ताम्मे ढलेको लोग्नेलाई देखेर ऊ आकाश थर्किने गरी चिच्याई । कपाल लुछ्दै र छाती ठटाउँदै झिम्कीले कोकोहोलो मच्चाई, 'मेरो खसम ! ए लट्टेका बा ! पापीहरूले तिम्रो परान हरे नि ।
>
> क्रुद्ध झिम्की प्रहरीतिर फर्केर दाह्रा किट्दै चिच्याई, 'शैतानका दूतहरू हो ! मेरो सोझो पोइको परान लिने तिमेरलाई म यसै कहाँ छोडौंली र । (पृ. ११९)

यहाँ आफ्नो लाग्नेको रगतले पोतिएको मृत शरीरलाई काखमा राखेर झिम्की प्रलाप गरेकी छ । लोग्नेको मृत्युको पीडा उसमा असह्य बनेको छ । यसै क्रममा पुलिसहरूप्रति लक्षित गर्दै शैतानका दूतहरूको बदला लिने अठोट गरेकी छ । यहाँ अभिघात प्रबल बनेर आएको देख्न सकिन्छ । आफ्ना लोग्नेको बदला लिने प्रण गरेकी झिम्की पछि माओवादी सेनामा भर्ना भई कमरेड कान्ताका भूमिकामा रहेकी छ ।

द्वन्द्वकालमा राज्यपक्षबाट भएका भ्रामक सूचनाका सन्दर्भलाई पनि उपन्यासमा सङ्केत गरिएको देख्न सकिन्छ । निर्दोष हर्केलाई मारेर राज्यपक्षबाट दोहोरो भीडन्तमा प्रहरीद्वारा आतङ्ककारी मारिएको समाचार सार्वजनिक गरिएको कुरालाई यसरी सङ्केत गरिएको छ : "माओवादीको हतियार कारखानामा प्रहरीद्वारा हमला, केही प्रहरी सामान्य घाइते, हर्के नाम गरेको एक आतङ्ककारीको मृत्यु, ठूलो सङ्ख्यामा हतियार र आतङ्ककारीका दस्तावेज बरामद ।" (पृ. ११९) । आरन चलाएर गाउँदेहरूका कोदाला, बन्चरा आदि हतियारका साथै फलामका सामग्रीहरू निर्माण गर्ने अबोध गरिबलाई आतङ्कारीको बिल्ला लगाई मारेको दृष्टान्तद्वारा द्वन्द्वकालमा भय र आतङ्कमा बाँच्न विवश सामान्य नागरिकको अवस्थालाई प्रस्तुत गरिएकाले यहाँ अभिघातको अवस्था अनुकूल रहेको देख्न सकिन्छ ।

यस्तै आफ्नी बुहारी झिम्की आफ्ना लोग्नेको हत्याको बदला लिनका लागि घरबाट हिँडेर लापत्ता भएपछि दलसिंह बुढामा पीडा र वेदना भरिन गई ऊ अभिघातित बन्न पुगेको अवस्था यहाँ देखिन्छ : "बूढा छोराको मृत्युमा पनि त्यति रोएका थिएनन् होला जति बुहारीको मृत्युमा रोए । झिम्की मर्दा साह्रै पीर माने बूढाले । बुहारी मरेपछि बूढाको हुनसम्म बिजोग भयो" (पृ. १२२) । लोग्ने मान्छेले जस्तै दिनभरि घन ठोकेर पनि नथाक्ने बुहारीले आरनमा साथ दिएकाले बुढाको हातमुख जोर्ने समस्या टरेको थियो । त्यस्ती बुहारी एकाएक घरबाट लापत्ता भएर हिँडेपछि बुढालाई गहिरो चोट पर्नु स्वाभिक देखिन्छ । यहाँ अभिघातको अवस्था अनुकूल बनेको पाइन्छ ।

उपन्यासमा मिट्ठीको कथामा पनि अभिघातको छनक पाउन सकिन्छ । जब बाबु-आमासँग मन्दिरबाट अबोध बालिका एक्लिई त्यसपछि उसको जीवन कारुणिक बन्न गएको पाइन्छ :

> सानैमा सायद म दुई वर्षकी थिएँ । मेरो जन्मदिन मनाउन जाँदा म मन्दिरबाटै हराएँ । म रोएको देखेर अरूले मलाई सोधे, फकाए । बाआमाले पनि खोज्नुभयो होला । मेरो भाग्य, मेरो नियति, मेरो किस्मत । न मैले बाआमालाई भेटेँ, न बाआमाले मलाई । बाआमाले त केही वर्षमा बिर्सनु भए होला । वहाँहरूले अर्को बच्चा पाउनुभयो होला । तर मैले त कहिल्यै बाआमा वा अर्को बाआमा पाइन । (पृ. १५६)

दुई वर्षकी अबोध बालिका जो आफ्ना आमाबाबुबाट बिछोड भएर सडकको जीवन बिताउन विवश भएकी छ । उसको त्यस क्षणको अवस्थालाई हेर्दा ऊ अभिघातित बन्न पुगेकी छ । बेवारिसे रूपमा रहेकी उसलाई प्रहरीले अनाथालयमा पुऱ्याउँछ तर त्यहाँ पनि ऊ प्रताडित बनेकी छ । "पुलिसले मलाई अनाथ आश्रममा लगेर राख्यो । अनाथ आश्रम भन्नु मात्र । त्यहाँ दिइने यातना मैले सहनै सकिन । भागेँ र यसै गरी पहिला मागेर त्यसपछि अहिले फोहरमा प्लास्टिक बटुलेर गुजारा गरिरहेकी छु" (पृ. १५७) । यहाँ मिट्ठीले भोगेका कारुणिक क्षणहरू अनि अनाथालयभित्रको असह्य यातनाको प्रसङ्गलाई हेर्दा अभिघातको अवस्था बोध गर्न सकिन्छ । अनाथालयले गर्ने तिक्ततापूर्ण व्यवहारलाई पनि यहाँ सङ्केत गरिएको पाइन्छ ।

यसैगरी सरकार र पुलिस प्रशासनबाट प्रताडित बनेको जीवन २०६२/०६३ को आन्दोलनमा सक्रिय सहभागी भएको छ । प्लास्टिक बटुलेर पेट पाल्नेलाई किन आन्दोलन चाहियो भनी पुण्यले प्रश्न गरेको छ ।

> मलाई ! मलाई त सर्वस्व गऱ्यो सर । बालाई त्यसका पुलिसले मारे । आमा छापामार हुनुभयो । मलाई गाउँमा बस्ने नहुने भएर यता आएँ । ह्वाँ बूढाबा बिचरा एक्लै छन् । मलाई कत्रो पढ्ने रहर थ्यो, स्कुल नै बन्द गराइदियो यस सरकारको पुलिसले (पृ. १६२) ।

जीवनको पारिवारिक जीवनमा आएको घातप्रतिघात अनि पीडाको अभिव्यक्ति प्रकट भएको छ । सरकारका पक्षबाट एकपछि अर्को गरी भएको दमनपूर्ण व्यवहारबाट अभिघातित बनेको जीवन प्रखर रूपमा आन्दोलनमा सहभागी भएको छ । प्रतिकूल व्यवस्थालाई हटाएर जनताको शासन ल्याउने अभियानमा ऊ लागेको देख्न सकिन्छ ।

'छापामार'को पृष्ठभूमिमा द्वन्द्वको चपेटामा परेका नेपाली जनताको पीडालाई साङ्केतिक रूपमा यहाँ पनि उल्लेख गरिएको छ । यहाँ अभिघातको अनुकूल अवस्था रहेको पाइन्छ :

> माओवादी द्वन्द्व चरम उत्कर्षमा थियो । गाउँमा दिनमा सेना पुलिस र रातमा माओवादी छापामारहरू आउने जाने गर्थे । धनीहरू माओवादी छापामारबाट र गरिबहरू पुलिसबाट बढी त्रसित थिए । कारण के थियो भने माओवादीहरू धनीमध्ये धेरैलाई शोषक भन्थे र दण्डित गर्थे भने सेनाहरू गरिब नै माओवादीमा लागेका छन् र रातिमा आश्रय दिने गरेका छन् भनेर विभिन्न यातना र त्रास दिने गरेका हुन्थे । (पृ. २४५)

द्वन्द्वकालमा नेपाली जनताले भोगेको पीडाको मर्मलाई जीवन्त झल्काइएको छ । राज्य र माओवादी दुवैको चपेटामा परेका साधारण जनताहरू आघातित भई बाँच्नुपरेको संवेदनशील अवस्थालाई यहाँ झल्काइएको छ । त्रास र भयमा बाँच्न विवश नागरिकको यथार्थ अवस्थाको झलक यहाँ प्रतिबिम्बित भएको छ ।

### जातीय विभेदको झलक

यस उपन्यासको प्रमुख पात्र सत्य जातीय विभेद र सीमालाई तोड्न चाहन्छ । त्यसैले समाजले कथित दलित ठानेको जीवको घरमा बसेर सामाजिक जागरण ल्याउने कार्यमा लागेको हुन्छ । जीवनको गाउँमा बसेर शिक्षाको विकास र सामाजिक सद्भावको अभियानमा खटिएको सत्यलाई गाउँका केही प्रतिगामीहरूले छुद्र वचन र आरोपमा पनि प्रहारको अवस्था देख्न सकिन्छ :

> तँ मुजी बाहिरको मान्छे हाम्रो गाउँको विषयमा जान्ने भएर नबोल् । बाहुनको छोरो हुँ भन्छ । कामीको घरमा आएर बसेको छ । तरुनी केटी ल्याएर राखेको छ गाउँका केटाकेटीलाई जम्मा गरेर मच्चाएको छ ।'
>
> अर्को अगाडि सरेर बोल्यो, 'यो को हो भन्ने कसैलाई थाहा छ ? यो त विदेशी दलाल हो डलरमा बिकेको धर्मछाडा । हाम्रो धर्मसंस्कार मासेर क्रिस्चियन धर्मको प्रचार गर्न आएको । (पृ. १८३)

सत्यको सुधारवादी काम र उनीहरूको जातीय सद्भावको अभियानलाई देखिनसहेका मानिसहरूले उसलाई प्रताडित गराउने काम गरेका छन् । छुद्रतापूर्ण बोली र व्यवहारका कारण जातीय अपमान र हेय पाराले होच्याउने काम गरिएको छ । आफ्नो दोष नहुँदा पनि विदेशी दलाल र धर्मछाडाजस्ता  अभियोग खेप्नुपर्दा सत्य अभिघातित बन्न पुगेको देखिन्छ । परम्परागत मानसिकताका मानिसहरूले कथित दलितहरूलाई होच्याएर प्रहार गर्नुमा अभिघातको स्थिति देख्न सकिन्छ ।

## सत्यको पीडादायी बाल्यकाल

प्रस्तुत उपन्यासमा सत्यको बाल्यकालीन कथा निकै कारुणिक र पीडादायी रहेको पाइन्छ । सत्यको बाल्यकालमा उसले भोगेका पीडादायी घटनाले पाठकलाई समेत द्रवित तुल्याएको अनुभव हुन्छ । यहाँ हतियारको प्रत्यक्ष प्रहार नभए पनि नियति निर्दिष्ट प्रहारलाई सहन विवश सत्यको बाल्यकाल पटकपटक अभिघातको सिकार बनेको देख्न सकिन्छ । घरको गरिबी अवस्था र कामको चटारोले लाचार बनेको सत्य सफाइमा पनि समय दिन भ्याउँदैन जसले गर्दा शिक्षक र साथीहरूबाटै ऊ प्रताडित बन्न पुगेको छ । आमाको बिरामी अवस्था र पागलपनका कारण परिवारमा भय र त्रासको वातावरण सिर्जना भई अभिघात अनुकूल बन्न गएको पाइन्छ । "आमाको अवस्थाका कारण बा आमासित ज्यादै डराउनुहुन्थ्यो । धारिलो हतियार, डोरी आदि लुकाएर राख्नुहुन्थ्यो । हिँड्ने बेलामा सधैं मलाई भन्नुहुन्थ्यो बाबु सत्ते घर छोडेर कतै नगएस् है । आमालाई र बहिनीलाई हेरेस् है" (पृ. १९३) । यहाँ आमाको बेहोसी अवस्थाका कारण कुनै पनि दुर्घटना घट्न सक्छ भन्ने आशङ्का सत्यका बालाई भएको अनुभव हुन्छ । त्यही भयका कारण हतियारसमेत साथमा राखेको स्थिति देखिन्छ ।

काटेमाथिको नुनचुक भनेझैँ घरको प्रतिकूल अवस्थाका कारण बिदाको समयमा निमेकमा गएर पैसा जम्मा गरी पढ्ने उद्देश्य राखेको सत्यलाई अर्को अनिष्ट आइलाग्छ :

> एकदिन मैले डोकामा ढुङ्गा राखिदिँदै गर्दा ढिकमाथिको ढुङ्गो खसेर मेरो खुट्टो थिच्यो । म जोडले चिच्याएँ 'ऐल्या..' ढुङ्गो ठूलो थियो । मैले एक्लै हटाउन सकिन । दुईजनाले मिलेर ढुङ्गो हटायौँ । मेरो खुट्टोबाट रगत बग्न थाल्यो । हिँड्न मिलेन अर्कोदिन म काममा जान सकिन । दुई तीनदिनसम्म पनि खुट्टो सुनिन नछाडेकाले मलाई बाले अस्पताल लानुभयो । खुट्टोको एक्सरे भयो । डाक्टरले खुट्टाको दुईवटा औँलाको हड्डी फुटेको रिपोट दिए । बाले निकै पीर मान्दै 'दशा पनि गरिबको घरमा मात्र लाग्दो रहेछ' भन्नुभयो । (पृ. २२३)

घरको अभाव गरिबी र प्रतिकूल अवस्थाका कारण सत्यले एकपछि अर्को पीडा सहन बाध्य भएको छ । काममा जाँदा खेप्नुपरको दशालाई हेर्दा प्रमुख पात्र सत्य अभिघातित बनेको छ । घाउचोटका कारण सत्य मर्माहत बन्न गएको छ ।

## शिक्षक र साथीहरूको पीडक व्यवहार

घरको विपन्न अवस्था, आमा बिरामी बाबाको खिन्नता र निराशाका बीचमा स्कुल गएको सत्यलाई शिक्षक र साथीहरूको हेययुक्त व्यवहारले अझ पीडा थपेको अवस्था देखिन्छ । एकातिर घरको दिक्दारलाग्दो अवस्था अर्कोतिर विद्यालयमा साथीहरू र शिक्षकहरूले तुच्छ व्यवहार गर्दा सत्यको मानसिकतामा गहिरो चोट पर्न गएको छ :

पँधेराबाट फर्कँदा पहिलो क्लास सिद्धिसकेको थियो । दोस्रो क्लासमा सर पसिसक्नु भएको थियो । मैले 'माइ कमिन सर' भन्नासाथ सर रिसाउँदै 'तँ पहिलो घण्टीमा कहाँ गाथिस्' भनेर हातको छडीले हान्नुभयो । मैले केही भन्न सकिन । मेरा आँखाबाट आँसु बर्र खसे । अरू केटाहरूले नै भने 'सर राम सरले गु धुन पठाएर गाथ्यो' अरू सबै त्यो सुनेर हाँसे । ...केटाहरू मलाई ज्यादै हेप्थे र 'बौलाहीको छोरो गु गनाउँछ' भनेर चिच्याउँथे । म धेरै रुन्थेँ । (पृ. १९६)

सत्य नियतवश ढिलो विद्यालय गएको थिएन । घरको परिस्थितिका कारण ऊ ढिलो विद्यालय जान बाध्य थियो । घरको चटारो र गरिबीका कारण ऊ सफा भएर विद्यालय जान पाउँदैनथ्यो । उसको विवशतालाई नबुझ्नेहरू उसलाई खिसीट्युरी गर्थे जसले गर्दा उसलाई अत्यन्तै पीडा बोध हुन्थ्यो । उसको मर्ममा गहिरो चोट पर्नगएका कारण ऊ अभिघातित पात्रका रूपमा देखिन्छ । सत्यलाई चोट पर्ने यस्तै अर्को प्रसङ्ग छ :

मैले केही भन्नै सकिन । 'लफङ्गो स्कुलमा ढिला आउँछ । भनेको काम पनि गर्दैन' भन्दै सरले मेरो कानको लोती समाएर माथि तान्नुभयो । यति धेरै दुख्यो कि मलाई लाग्यो लोती तलतिरबाट च्यातिएको छ । म रोएँ दुखाइ सहनै नसकेर । सरको क्लास सकिएपछि मैले कान छामेँ र हेरेँ रगत आएको रहेनछ । च्यातिएको रहेनछ तर सुन्निएछ । त्यस दिन करिब दिनभरि नै मेरो आँखाबाट आँसु आइरह्यो । (पृ. १९७)

साथीहरूको अपहेलनामाथि शिक्षकको प्रहारले सत्य भयभीत बन्न पुगेको छ । उसको बाध्यतालाई नबुझीकन पिट्ने शिक्षक पनि यहाँ परपीडक पात्रका रूपमा प्रस्तुत भएका छन् । गालीका साथमा कानै उखेल्ने गरी दिएको सजायँका कारण ऊ मर्माहत बन्न पुगेको देखिन्छ । चोटको सामना गर्न ऊ विवश बनेको छ ।

घरको विकराल अवस्थालाई सामना गर्दै अर्काको मेलो गरेर स्कुल जानुपर्ने बाध्यता अनि स्कुलमा ढिलो जानु र कक्षाकार्य मिलाउन नसक्दा शिक्षकबाट धुलाइ खानुपर्दा सत्य हायलकायल बन्न पुगेको अवस्थालाई यसरी देखाइएको छ :

त्यसदिन पनि म अरूको बारीमा डल्ला फोरेर घर आइपुगेँ । भाइ भात खाएर स्कुल जान तयार हुँदै थियो । बा खर्बारीबाट घाँस लिएर फर्किसक्नुभएको थिएन । भाइलाई भात खुवाएर आमाले आफूले पनि खानुभएछ र बचेको भात ताउलामा हालेर भाँडा माझ्दै हुनुहुन्थ्यो । बिहानभरि मेलो गरेर घर आउँदा खानेकुरा थिएन । छिटो गरेर अगेनामा एउटा मकैको रोटी पकाएर चटनीसँग खाएर स्कुल गएँ । सर ढोकानेर उभिनुभएको थियो । हातमा सिमलीको मोटो लौरो थियो । मलाई देख्नासाथ 'किन ढिला आइस्' भनेर रिसाउनुभयो । म केही बोल्ने सकिन । क्लासबाहिर निस्किएर तिघ्रामा पूरै बल लगाएर यसरी हिर्काउनुभयो म थचक्कै बसेँ । तीनदिनसम्म खुट्टामा सुम्ला बस्यो र पछि त्यो ठाउँको कत्ला गयो । (पृ. २०८)

सत्यको घरको कारुणिक अवस्था अनि विद्यालयमा क्षिकहरूको ताडनालाई अभिघातजन्य पीडाका रूपमा साक्षात्कार गर्न सकिन्छ । यसबाट सत्यले भोगेको भुक्तमान देखेर पाठक पनि भावुक भएको देख्न सकिन्छ ।

## आमाले बहिनीलाई काटेको बीभत्स घटना

आमाको होस हराएका कारण उनले आफ्नै छोरीलाई समेत काट्न पुगेको अवस्थालाई हेर्दा यहाँ अभिघातको चरम प्रस्तुति भएको पाइन्छ । बच्चा पेटमा भएको बेलामा मासु खाने क्षुधाको पूर्ति गर्न भनी आफ्नै छोरीलाई टुक्रापार्ने जस्तो भयावह दृश्यले पाठकमा समेत त्रास सञ्चार हुन पुगेको छ :

घर पुग्दा मैले आँगनमा केही रगत देखेँ । अलिकति पानी पोखेको चिसो पनि थियो । म अचम्म पर्दै घरभित्र पसेँ । हेरेको त आमा मझेरीमा बसेर मासु काटिरहनुभएको छ । एउटा ठूलो गिल्टेको थालमा बहिनीको टाउको...।

> मेरो होस उड्यो । म दौडँदै गाउँमा गएँछु जहाँ बा मेलो गर्न जानुभएको थियो । घर बनाउने काममा । मलाई दौडँदै आएको देखेर सबैले मतिर हेरे । मैले बा..बा..बा..बा..मात्र भनिरहेँ । अरू केही पनि मेरो मुखबाट निस्कन सकेन । (पृ. १९७)

मानसिक सन्तुलन गुमाएकी आमाले आफ्नै छोरीलाई मासुका रूपमा काटेको वीभत्स अवस्थाको साक्षात्कार गरेको सत्य अभिघातित बनेको छ । अबोध बहिनीको प्राण गएको अवस्थाबाट पाठकमा पनि भयको सञ्चार हुन पुग्दछ । यस प्रकारको वीभत्स दृश्यले जोकोहीको पनि आङ जिरिङ्ग बनाउँछ । सत्यकी अबोध बहिनीले मृत्युको सामना गरेको सन्दर्भमा अभिघात पराकाष्ठामा पुगेको अवस्था देखिन्छ ।

## भाइ अनि बाबुको कारुणिक मृत्यु

सत्यको कथाको अर्को महत्त्वपूर्ण कारुणिक पक्ष उसको भाइको र बाबुको मृत्यु हो । बाबुलाई फुर्सद नहुनु र आमा पागल हुनुले सानैदेखि भाइको स्याहारसुसार गरेर उसका सारा आवश्यकता पुऱ्याएर हुकर्काएको भाइ जसले हरेक क्षण सत्यलाई पछ्याइरहन्थ्यो । उसको मृत्युको खबर सत्यका निम्ति असह्य हुन्छ (बस्याल : २०७६, पृ. ३४) । आइ.ए. को परीक्षाको तयारीका लागि बजारमा बसेको सत्यले अकस्मात भाइ अस्पतालमा बिरामी छ भन्ने थाहा पाएर अस्पताल पुग्दा भाइको मृत्यु भएको खबरले ऊ मर्माहत बन्दछ । आफ्नो निकै प्यारो भाइले देह त्याग गरेको कुराले उसलाई असह्य पीडा बोध हुन्छ :

> अस्पताल पुग्दा थाहा भयो भाइले मेटासिट खाएछ । थाहा पाउँदा उसको शरीर चिसो भैसकेको रहेछ । भाइको पोस्टमार्टम गर्न लगिएको रहेछ ।
>
> थाहा पाएपछि म बालाई झम्टिएर रोएँ । म रोएको आवाज सुनेर भिड जम्मा भयो । गाउँका अरू मान्छेले मलाई बाबाट अलग बनाएर एकान्तमा लगे । उनीहरूले घरि सम्झाउँथे घरि गाली गर्थे ।
>
> करिब एक घण्टापछि पोस्टमार्टम सिध्याएर भाइको लास बाहिर ल्याए । उसलाई देख्नासाथ मैले खप्नै सकिन । उसैलाई झम्टिएर रोएँ । (पृ. २३३)

भाइले विष खाएर आत्महत्या गरेको कुराले सत्यलाई अत्यन्तै पीडाबोध भएको छ । ऊ डाँको छाडेर रुनुमा पीडाको गहिरो मर्मको बोध गर्न सकिन्छ । जीवनमा एकपछि अर्को पीडा भोग्न विवश सत्य अभागी पात्रका रूपमा देखिएको छ । भाइले अर्को स्कुलमा पढ्न जाने आग्रह गरेको तर बाबाले असमर्थता जनाएको कारण उसले आत्महत्याको बाटो समातेको देखिन्छ । भाइको मृत्युका बारेमा बाले सत्यलाई यसरी बताएका छन् :

> भाइ बेस्सरी रोयो । राति खाना पनि खाएन । आमाले पनि सम्झाई, तर मानेन । अबेर रातिसम्म राइरहेको थियो । राति कतिखेर मेरा आँखा लागेछन् । बिहान उठेर हेर्दा भाइ मझेरीमा लडेको थियो । मलाई लाग्यो यहीँ निदाएछ ।झटपट उसलाई उठाएँ । नउठेपछि बत्ती बालेर हेर्दा मुखभरि फिँज थियो । मुखबाट मेटासिटको गन्ध आइरहेको थियो । (पृ. १३४-१३५)

गरिबीको चपेटामा रहेका सत्यका बा'ले भाइको आग्रहलाई सहन नसकी रिसको आवेगमा बेतोडले पिटेकाले छोराले मेटासिट सेवन गरी आत्महत्या गरेको स्थितिमा अभिघात अनुकूल हुन पुगेको देखिन्छ ।

भाइको कुनामा बसेकै बेलामा सत्यका बाले पनि आत्महत्या गर्दछन् । भाइको मृत्युको घाउ नओबाउँदै बाबुको मृत्युको पीडा भोग्नसमेत ऊ विवश बनेको छ :

> म भित्र पसेर अम्खरामा पानी लिएर मुख धुन बाहिर निस्कैं । आँगनको डिलमा उभिएर मुख धोएर पछाडि फर्कँदा घरको पछाडि मैले बाका झुन्डिएका खुट्टा देखैं ।

'बा..' म चिच्याउँदै बातिर पुगेँ । बा त कोराको कछाड च्यातेर घरकै डाँडामा झुन्डिनुभएको थियो । बाको शरीरमा एउटा कोराको लगौँटी मात्र थियो । मैले चिच्याएको सुनेर पानी लिन हिँडेका पाँडे साइला बा हुर्रिंदै आउनुभयो । (पृ. २३५)

सत्यको कारुणिक कथाले पाठकका मनमा पनि झक्कानो छुटेर आउँछ । जीवनबाट पलायन भएर आत्महत्या गर्न पुगेका सत्यका बा र भाइ पनि अभिघात भोगेका पात्रका रूपमा देखिन्छन् । बाँचेर पीडाको सामाना गर्दै एकपछि अर्को अनिष्ट भोग्न बाध्य सत्य अभिघात भोग्ने साक्षात व्यक्तिका रूपमा देखिएको छ । एकपछि अर्को पीडाको सामना गरेको सत्य परीक्षा हलमा लेख्न थाल्दा पनि भाइकै तस्बिर अगाडि आई ऊ भावविह्वल बन्न पुग्छ :

जाँचको दिन ठिक समयमा सेन्टरमा पुगेँ र आफ्नो सिटमा बसेर लेख्न थालेँ । लेख्न थालेदेखि नै भाइको सम्झना आउन थाल्यो । मेरो घाँटीमा समाएर सुत्ने गरेको, 'दाइ तँ नरो के' भनेर सम्झाउने गरेको, मलाई पछ्याएर सँगै हिँड्ने गरेको..' उसको अनुहार झल्झली कापीमा देखिन थाल्यो । म त घुँक्कघुँक्क गरेर रुन थालेँछु । निरीक्षकले के भयो र भाइ ?' भनेर सोधे । पानी खान दिए । बाहिर गएर मुख धुन भने । केही गर्दा पनि मैले केही लेख्नै सकिन । एक घन्टामै कापी बुझाएर रुँदै हिडेँ । (पृ. २३९)

सत्यका जीवनमा एकपछि अर्को पीडादायी क्षणहरू आएको देखिन्छ । पृष्ठभूमितर्फ दृष्टिदिँदा छापामार उपन्यासको त्रासदीय अवस्था सघन बनेर आएको छ भने सत्यको आफ्नै कथाले पाठकका मर्ममा समेत प्रहार भएको अनुभूति हुन्छ । विभिन्न साक्ष्यका आधारमा प्रस्तुत उपन्यास अभिघातका दृष्टिले सशक्त रहेको छ ।

## निष्कर्ष

शंकरप्रसाद गैरे नेपाली साहित्यका क्षेत्रमा उत्तरोत्तर रूपमा अगाडि बढेका प्रतिभा हुन् । गजल, कविता, कथा, उपन्यास जस्ता सिर्जनाका क्षेत्रमा र समालोचनाका क्षेत्रमा पनि यिनको कलम सशक्त रूपमा चलेको देखिन्छ । विषयको गम्भीरतामा पुगी खास मर्मलाई प्रकट गराउने हुनाले यिनको लेखन विशिष्ट प्रकृतिको रहेको छ । यस उपन्यासको जगमा पुण्यप्रसाद प्रसाईंको *छापामार* उपन्यासको कथावस्तु र पात्रहरूलाई सतहमा ल्याउने काम गरिएको छ । यहाँ सिक्वेल लेखनका आधारमा पूववर्ती पात्रहरूको अवस्थालाई उत्खनन गराई रहस्यलाई बाहिर ल्याउने काम गरिएको छ । यसका साथै सत्य र सन्ध्या पात्रहरूको खोजीमा लागेको अवस्था देखिन्छ भने सत्यको कारुणिक कथावस्तुलाई पनि यहाँ प्रस्तुत गरिएको छ । यस उपन्यासमा अभिघातजन्य पीडाका सन्दर्भहरू ज्वलन्त रूपमा अभिव्यक्त भएर आएको पाइन्छ । माओवादी आन्दोलनभित्रको यथार्थ परिदृश्यका साथै आफ्नै समूहभित्र प्रेमका नाममा अनि वैयक्तिक टकरावका नाममा भित्रभित्र हुने हत्याको पृष्ठभूमिलाई हेर्दा अभिघातको अनुकूल अवस्था देख्न सकिन्छ । कमरेड निशा र कमरेड हिमालको आफ्नै साथीहरूबाट षडयन्त्रपूर्ण हत्या हुनुमा अभिघातको ज्वलन्त अवस्था देखिन्छ । पुलिसबाट हत्या गरिएका जीवनका बाबु, पुलिसको आक्रमणमा घाइते भएकी जीवनकी आमा कान्ता अनि फोहरमा प्लास्टिकका झोला बटुल्दा बम विष्फोटन भई लट्टे वा जीवन घाइते हुनुमा सशस्त्र सङ्घर्षका कारण आम जनता अभिघातको नियति भोग्न विवश भएको अवस्थालाई मार्मिक रूपमा प्रकाश पारिएको छ । अभिघात जन्माउने कारणका धेरै सन्दर्भहरू उपन्यासमा आएका छन् ।

उपन्यासमा सत्यको बाल्यकालको कारुणिक कथाले पाठकको संवेदनालाई जगाइदिन्छ । उसको कथा-व्यथा, गरिबी र प्रतिकूल जीवनले ऊप्रति सहानुभूति जाग्दछ । आमाको रोगाग्रस्त अवस्था, बाको सङ्घर्षशील जीवनको विवशता, गरिबीले ग्रस्त जीवनका पृष्ठभूमिमा अभिघातजन्य पीडाको सञ्चार हुन पुगेको छ । पागलपनबाट विक्षिप्त सत्यकी आमाले आफ्नै छोरीलाई काटेर टुक्राटुक्रा पारेको भयानक घटनाबाट अभिघात उत्कर्षमा पुगेको अनुभव हुन्छ । सत्यले घरमा गरेको सङ्घर्ष, विद्यालयमा साथीहरूले गरेको अपमान अनि

शिक्षकहरूद्वारा दण्डित हुनुपरेको अवस्थालाई अभिघातका केन्द्रबाट अध्ययन गर्न सकिन्छ । गरिबीका चपेटामा गाँजिनु, श्रीमती मानसिक रोगी भई पागल नै बन्नु, सत्य र उसको भाइलाई पढाउने समस्या आइलाग्नु, छोराहरूलाई कापी किताब पनि किनिदिन नसक्नु, जति गरे पनि घरको आर्थिक अवस्थामा सुधार नआउनु, आफ्नै कारण सानो छोराले विषसेवन गरी आत्महत्या गर्नु जस्ता चोटले गर्दा सत्यका बाबु पनि अभिघातको सिकार बनेका छन् जसको परिणाम उनले पनि आत्महत्याको बाटो रोजेका छन् । सत्यको भाइ पाँच कक्षामा अर्को विद्यालयमा पढ्न जाने आग्रह गर्दा रिसको आवेगमा केही नदेखी मर्माहत हुने गरी छोरालाई निर्मम भई पिट्नु र त्यसैको चोटमा उसले आत्महत्या गर्न पुग्नुले ऊ पनि अभिघातित पात्रका रूपमा देखिन्छ । बहिनीलाई आमाले नै काट्नु, भाइले आत्महत्या गर्नु, बाबुले पनि चरम पीडाको महसुस गरी आत्महत्या गर्नु, पागलपनबाट विक्षिप्त आमासमेत घरबाट बेपत्ता भई कुनै खबर नआउनुले यस उपन्यासको प्रमुख पात्र सत्य नियतिले ठगिएको र एकपछि अर्को अनिष्ट भोग्न विवश बनेको छ । विभिन्न घातप्रतिघातको जीवन बाँच्दै अनि एकपछि अर्को प्रहारको सामना गर्दै जीवन बिताउन विवश सत्य अभिघातको चरम रूपमा सामना गरेको पात्रका रूपमा उपस्थित देखिन्छ । यसैले यस उपन्यासमा अभिघातको पाटो सशक्त र अनुकूल बनेर आएको पाइन्छ ।

## सन्दर्भसामग्री


उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा. काठमाडौँ* : अक्षर क्रियसन्स ।

गैरे, शंकरप्रसाद (२०७४). *उज्यालोतिर.* काठमाडौँ : डिकुरा पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८). *उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप.* काठमाडौँ : पैरवी प्रकाशन ।

निश्चल, आर. बी. (२०७४). 'उज्यालोतिर एक दृष्टि'. *दैनिक पत्र.* वर्ष १४, अङ्क १०९. पृ. ४ ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

बस्याल, अम्बिका (२०७६). *उज्यालोतिर उपन्यासको प्रवृत्तिगत अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन बहुमुखी क्याम्पस तानसेन, पाल्पा ।

भट्टराई, टंकप्रसाद (२०७५). प्रयोगशील उपन्यास : 'उज्यालोतिर'. *प्रज्ञान* उपन्यास समालोचना विशेषाङ्क. (वर्ष ६, अङ्क ७). पृष्ठ ३२-३७ ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुकि पाठकमैत्री समालोचना.* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०६८). *नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।